**कावासोती नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

कावासोती, नवलपरासी(ब.सु.पू.)

## कोरोना भाइरस संक्रमण रोकथाम तथा नियन्त्रणका लागि विपत व्यवस्थापन समितिको बैठकबाट भएका प्रस्ताव तथा निर्णयहरु विवरण

**मितिः २०७६/१२/२७**

१. विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस(COVID-19) को जोखिम नियन्त्रण तथा न्यूनिकरणका साथै मौसमी रुपमा देखा पर्ने विभिन्न रोगहरुको नियन्त्रण गर्नका लागि यस कावासोती नगरपालिका विपत व्यवस्थापन समितिको मिति २०७६/१२/२४ गतेको बैठकको निर्णयानुसार ब्लिचिङ् पाउडर १७ वटा वडामै छर्नका लागि तयार गरिएको आधारभुत मापदण्ड अनुसार यस कावासोती नगरपालिका वडा नं. १०, ११ र ८ मा छरिरहेको अवस्थामा फिल्डमा नै गइ स्थलगत रुपमा अनुगमन गरियो।

२. यस कावासोती नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट कोरोना भाइरस (COVID-19) संङ्क्रमण, नियन्त्रण तथा उपचारका लागि सहयोग पुर्याउन स्थापना गरेको विपद व्यवस्थापन कोषमा आजको मितिमा प्राप्त रकम तथा जिन्सी सामानहरुको विवरण निम्नानुसार रहेको भनि निर्णय पारित गरियो।

| क्र.स. | सहयोग पुर्याउनुहने संस्था/व्यक्तीको विवरण | रकम | जिन्सी | प्याकेज | कैफियत |
|---|---|---|---|---|---|
| १ | नवलपुर उद्योग वाणिज्य संघ नवलपुर | १,००,०००।- | | | चेक मार्फत |
| २ | नवलपुर जिल्ला फुटबल संघ(कावासोती नगरपालिका क्षेत्र भित्र रहेका पदाधिकारी, सल्लाहकार, रेफ्रि र प्रशिक्षकको तर्फ बाट) | २२,०००।- | | | नगद |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | अग्यौली सामाजिक उद्यमी सहकारी संस्था लि. कावासोती १६ | १०,०००।- | | | नगद |
| ४ | साहारा महिला तथा बचत ऋण सहकारी संस्था लि. कावासोती १६ | ५,०००।- | | | नगद |
| ५ | सिद्धार्थ आवासीय मा.वि. कावासोती ०३ -(६९ जना कर्मचारीको तर्फबाट) | ४१,४००।- | | | चेक मार्फत |
| ६ | कारिताश नेपाल | ८८,७६०।- | | | नगद |
| **आजको जम्मा** | | **२,६७,१६०।-** | ० | ० | |